# स्थानीय राजपत्र

सैनामैना नगरपालिका, रूपन्देहीद्वारा प्रकाशित

खण्ड ८) सैनामैना नगरपालिका, २०८१/०९/२९ साल (संख्या ३

## भाग–१

### सैनामैना नगरपालिका, रूपन्देही

### ऐनको नामः सैनामैना नगरपालिकाको आर्थिक ऐन, २०८१ लाई संशोधन गर्न बनेको ऐन, २०८१

सैनामैना नगरपालिकाको आर्थिक ऐन २०८१ लाई समयानुकूल परिमार्जन संशोधन वा विषयवस्तु थपघट गर्न बाञ्छनीय भएकोले सैनामैना नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१)यस ऐनको नाम सैनामैना नगरपालिकाको आर्थिक ऐन २०८१ लाई संशोधन गर्न बनेको ऐन २०८१ हुनेछ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

२. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) ऐन भन्नाले सैनामैना नगरपालिकाको आर्थिक ऐन २०८१ लाई सम्झनुपर्छ ।

(ख) **नगरपालिका** भन्नाले सैनामैना नगरपालिकालाई सम्झनुपर्छ ।

(ग) **प्राइभेट फर्म** भन्नाले रु पाँच लाख सम्म पूँजी भएको प्राइवेट फर्म सम्झनुपर्छ ।

३. मूल ऐनको दफा ५ को अनुसूचि ५मा संशोधनः मूल ऐनको दफा ५ व्यवसाय करसँग सम्बन्धित अनूसूचि ५ को क्रं.सं. ७४ पछि देहायका व्यवसाय करका शिर्षक र सोमा लाग्ने कर थप गरिएको छ ।

| | | |
|---|---|---|
| ७५. | कार तथा ठूलो गाडी मर्मत | रु ३००० |
| ७६. | व्यवसायिक योगा कक्षा सञ्चालन | रु १५०० |
| ७७. | भन्सार एजेण्ट | रु १०००० |
| ७८. | केक पसल | रु १००० |
| ७९. | केक र क्याफे | रु २००० |
| ८०. | ट्याटु आर्ट | रु १००० |
| ८१. | बाध्यवाधन सामाग्री पसल | रु १००० |
| ८२. | ई-रिक्शा तथा अटोरिक्शा व्यवसाय प्रा.लि. | रु ५००० |
| ८३. | क्रेशर उद्योग | |
| | क. गिट्टी धुने कुट्ने र चाल्ने प्लान्ट | रु ५०००० |
| | ख. गिट्टी चाल्ने तथा ग्रेडिङ्ग गर्ने प्लाण्ट | रु ३०००० |

४. मूल ऐनको दफा ७ पछि देहायको दफा ७क थप गरिएको छ ।

७क. प्राइवेट फर्म दर्ता तथा नवीकरणः रु पाँच लाख सम्म पूँजी भएको प्राइवेट फर्म दर्ता तथा नवीकरण नगरपालिकामा गर्नु पर्नेछ र सोको कर अनुसूची ७क मा उल्लेख भए बमोजिम

हुनेछ ।

४. <u>मूल ऐनको दफा ९ को अनुसूचि ९मा संशोधनः</u> मूल ऐनको दफा ९ सँग सम्बन्धित अनुसूची ९ को विभिन्न शिर्षकमा सेवा शुल्क र दस्तुरको क्रं.सं. १३५ पछि देहायका सेवा शुल्क र दस्तुरका शिर्षकहरु थप गरिएको छ ।

| | |
|---|---|
| १३६. पेन्सन प्रयोजनको लागि पारिवारिक विवरण प्रमाणित | रु ५०० |
| १३७. पेन्सनप्रयोजन वाहेक पारिवारिक विवरण प्रमाणित | रु १०० |
| १३८. स्थायी लेखा नं. को सिफारिस | रु १०० |
| १३९. अस्थायी क्रेसर सञ्चालन अनुमति सिफारिस | रु ५००० |
| १४०. घ बर्गको इजाजतपत्र नवीकरण थप दस्तुर | रु १०००० |

**अनुसूचि ७क**

**दफा ७क सँग सम्बन्धित**

प्राइवेट फर्म दर्ता तथा नवीकरण शुल्क विवरण

**१. प्राइवेट फर्म दर्ता**

(क) रु तीनलाख सम्म कूल पूँजी भएको रु २०००

(ख) रु तीन लाख भन्दा माथि रु पाँच लाख सम्म कूल पूँजी भएको रु ५०००

**२. प्राइवेट फर्म नवीकरण**

(क) रु एक लाख सम्म पूँजी भएको रु ६००

(ख) रु एक लाख भन्दा माथि तीन लाख सम्म पूँजी भएको रु १०००

(ग) रु तीन लाख भन्दा माथी पाँच लाख सम्म पुँजी भएको रु १६००

प्रमाणीकरण मितिः २०८१/०९/२९

आज्ञाले

**जीवन ज्ञवाली**

प्रमुख प्रशासकीय अधिकृत